Regd. No. 214240/075/076
लि. नं. २१४२४०/०७५/०७६

PAN No. 303810452
स्थायी लेखा नं. ३०३८१०४५२

# Rawa Energy Development Ltd.

(A Listed Company in Nepal Stock Exchange Ltd.)

# रावा इनर्जी डेभलपमेन्ट लि.

(नेपाल स्टक एक्स्चेन्ज लि. मा सुचिकृत कम्पनी)

मिति : २०८२।०७।१३

श्री विद्युत नियमन आयोग सानोगौचरण,काठ्माण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ,ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,सिंहदरवार प्लाजा, काठ्माण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ,पुतलीसडक, काठमाण्डौ ।

श्री प्रभु क्यापिटल लिमिटेड कमलादी , काठ्माण्डौ ।

**विषय : बार्षिक साधारण सभा सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस रावा ईनर्जि डेभलोपमेण्ट लिमिटेडको मिति २०८२।०७।१२ गत्ते सम्पन्न छैटौं साधारण सभाबाट पास भएको बार्षिक प्रतिबेदन र प्रमाणीत गरिएको माईन्युट यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

साथै छैटौं बार्षिक साधारण सभाबाट पारित भएको बार्षिक प्रतिबेदन थान..१( एक ) पठाई सकिएको ब्यहोरा समेत अनुरोध छ ।

(हरि प्रसाद खतिवडा)

कम्पनी सचिब

Baneshwor, Kathmandu, Nepal | Email: rawa.hydro@gmail.com
बानेश्वर, काठमाडौं, नेपाल | इमेल : rawa.hydro@gmail.com

# रावा इनर्जी डेभलपमेन्ट लिमिटेड

## का.म..पा.-१०, काठमाडौंको

## छैटौ बार्षिक साधारण सभा-२०८२

## माइन्यूट

रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको छैटौं बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री बद्री प्रसाद गौतमज्यूको अध्यक्षतामा बसी देहायका विषयहरुमा छलफल गरी देहाय बमोजिमका निर्णय गरियो ।

मितिः २०८२/०७/१२

समयः ०१:०० बजे

स्थानः मानसरोवर पार्टी प्यालेस, पुरानो बानेश्वर काठमाडौं

**सभाको सूचना प्रकाशन :-**

यस कम्पनीको मिति २०८२।०६।१२ मा बसेको संचालक समितिको बैठकको निर्णय वमोजिम कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८२।०६।१३ गतेको प्रक्षेपण राष्ट्रिय दैनिकमा र मिति २०८२।०६।२१ गतेको प्रक्षेपण राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशित गरिएको र सो सूचनामा छलफल हुने विषय, मिति, समय र स्थान समेत उल्लेख गरी तयार पारिएको कम्पनीको छैटौ वार्षिक प्रतिवेदन, वित्तिय विवरणहरु सहित संस्थापकलाई उपलब्ध गराई जानकारी समेत गराइएको थियो ।

**सभामा संचालकहरुको उपस्थिति :-**

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | श्री बद्री प्रसाद गौतम |
| २. | संचालक | श्री राजन कुमार दाहाल |
| ३. | स्वतन्त्र संचालक | श्री भरतराज पोखरेल |
| ४ | संचालक | कालीका प्रसाद रीमाल |
| ५ | संचालक | ध्रुब कुमार रेग्मी |

**शेयरधनीहरुको उपस्थितिः-**

सभाको सूचना कम्पनी ऐन, २०६३ र कम्पनीको स्वीकृत नियमावली वमोजिम अग्रीम रुपमा गरिएको थियो । शेयरधनीहरुको उपस्थितिको गणना गर्दा ७६ जना शेयरधनीको व्यक्तिगत रुपमा

Rawa Energy Development Ltd.

र १० जनाको प्रतिनिधि मार्फत सभामा उपस्थिति रहेको थियो । सभामा कुल शेयर संख्याको ६२.९८ प्रतिशत प्रतिनिधित्व भएको थियो ।

**सभाको गणपूरक संख्या**

| शेयरधनी तथा शेयर | जम्मा शेयर | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | कूल प्रतिनिधि (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| शेयर | २८,००,००० | १ ३,९३,६५६ | ३,७०,००० | १७,६३,६५६ | ६२.९८ |
| शेयरधनी | ३१८०० | ७६ | १० | ८६ | |

**सभाको बैधानिकताका सम्बन्धमा** :-

सभा संचालन गर्नका लागि कम्पनीको नियमावलीको नियम २३ वमोजिम कुल शेयर संख्याको ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी उपस्थिति हुनु पर्ने प्रावधान अनुसार आजको छैटौ बार्षिक साधारण सभामा माथि उल्लेखित गणपूरक संख्याको तालिका अनुसार आवश्यक प्रतिशतको प्रतिनिधित्व भएको हुँदा छैटौ वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित ऐन, नियम, कानून वमोजिम सभा वैधानिक रहेको व्यहोरा सभा समक्ष कम्पनी सचिवले जानकारी गराउनु भयो ।

**सभाको सभापतित्व**:-

सभाको वैधानिकता पुरा भए पश्चात कम्पनी ऐन, २०६३ को दफा ७४ र कम्पनीको नियामावलीको नियम १९ अनुसार यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री बद्री प्रसाद गौतमज्यूलाई छैटौ वार्षिक साधारण सभाको सभापतित्व गरी दिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो । तत्पश्चात कम्पनीका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो ।

**सभाको उद्घाटन तथा संचालन**:-

संचालक समितिका अध्यक्षज्यूले कम्पनीको छैटौ वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरे पश्चात कार्य तालिका अनुसार कम्पनी सचिवको अनुरोधमा कम्पनीको साधारणशभाका प्रमुख अतिथि देवीभक्त गौतम र निजकी धर्मपत्नी मेनका गौतमले सभाको उद्घाटन एबम् शुभारम्भ गर्नु भयो ।

कम्पनीका संचालक श्री कालीका प्रसाद रीमालले सभामा उपस्थित महानुभावहरुलाई स्वागत मन्तव्य सहित हालसम्मको कम्पनीको उपलब्धीहरु तथा भावी कार्यक्रमहरु वारेमा सभा समक्ष जानकारी गराउनु भयो ।

Rawa Energy Development Ltd.

**संचालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुतिः-**

सभाको काम कारवाहिलाई अगाडी वढाउने क्रममा सभाका सभापतिज्यूले आफ्नो मन्तव्य सहित संचालक समितिको छैटौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

सभाका सभापतिज्यूले संचालक समितिको छैटौं वार्षिक प्रतिवेदन, लेखा परिक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तको वासलात, आ.व.२०८१/०८२ को नाफा नोक्सान हिसाव, नगद प्रवाहको विवरण तथा अनुसूचीहरु लगायतका अन्य वित्तिय विवरणहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव, एवं प्रश्न राख्न तथा छलफल गर्न शेयरधनीहरुलाई आव्हान गर्नु भयो ।

**छलफलमा सहभागी हुनु हुने शेयधनी महानुभावहरुको र बहाँहरुका जिज्ञासा तथा सुझावहरुः**

साधारण सभामा उपस्थित महानुभावहरुले कम्पनीको भविष्यमा उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

**छलफलका विषयहरुको जानकारीः-**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,
२. कम्पनीको आ.व.२०८१/०८२ को आषाढ मसान्तसम्मको वासलात, आयव्यय हिसाव र लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,
३. चालू आ.व.२०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने,
४. विविध ।

**निर्णय नं. १**

संचालक समितिको तर्फबाट अध्यक्ष संचालक श्री बद्री प्रसाद गौतमले प्रस्तुत गर्नु भएको कम्पनीको आ.ब.२०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई जस्ताको तस्तै पारित गर्ने निर्णय भयो ।

**निर्णय नं. २**

कम्पनीको आ.ब.२०८१/०८२ को हिसाव किताव तथा लेखा परीक्षण गर्न नियुक्त गरिनु भएका मान्यता प्राप्त लेखा परीक्षक श्री कटेल एण्ड एसोसिएट्सले लेखा परिक्षण गरेको वार्षिक हिसाव र तयार पारेको आ.व.२०८१/०८२ को वासलात र लेखा परिक्षण प्रतिवेदन उपर छलफल भई सोलाई पारित गर्ने निर्णय भयो ।

**निर्णय नं. ३**

Rawa Energy Development Ltd.

कम्पनीको स्वीकृत नियमावली वमोजिम कम्पनीको चालू आ.व.२०८२/०८३ को लागि लेखा परिक्षकको नियुक्त गर्नु पर्ने र निजको पारिश्रमिक तोक्नु पर्ने भएकोले सो उपर छलफल गर्दा चालू आ.ब.२०८२/०८३ को लागि मान्यता प्राप्त लेखा परीक्षक श्री कडेल एण्ड एसोसिएट्स , चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्त गर्ने निर्णय गरियो । निजको पारिश्रमिक रु.२,००, ००० ( मूअ.कर बाहेक) तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट) मा हस्ताक्षर गर्न कम्पनीका अध्यक्ष श्री बद्री प्रसाद गौतम र कम्पनी सचिव श्री हरी प्रसाद खतिवडालाई नियुक्त गर्ने निर्णय गर्नुका साथै साधारण सभा सफल बनाउन सहयोग पुऱ्याउने सम्पूर्ण संचालक एबम् शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दै सभापतिज्यूले सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

कम्पनी सचिव
श्री हरी प्रसाद खतिवडा

Rawa Energy Development Ltd.

अध्यक्ष
बद्री प्रसाद गौतम

प.लि.नं. २१८२४०/०७५/०७६

# रावा इनर्जी डेभलपमेन्ट लिमिटेड

## का.म.न.पा.-१०, काठमाडौं

मिति :- २०८२/०७/१३

श्रीमान् रजिष्ट्रारज्यू
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

**विषय :- वार्षिक प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२/०७/१२ गते बसेको छैटौं वार्षिक साधारण सभाको निर्णयद्वारा पारित आ.ब.२०८१/०८२ को वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, दफा ५१ अनुरुपको विवरण समेतलाई अभिलेख तथा कम्पनी अद्यावधिक गरी पाउँन श्रीमान् समक्ष अनुरोध छ ।

**संलग्न कागजातहरुको फोटोकपी :**

(क) संचालक समितिको निर्णय ।
(ख) मिति २०८२।०७।१२ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय ।
(ग) दफा ५१ अनुरुपको विवरण ।
(घ) लेखा परीक्षण प्रतिवेदन ।

**भवदीय**

Rawa Energy Development Ltd.

-----------------------
बद्री प्रसाद गौतम
संचालक अध्यक्ष